म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १८० बिहीबार २५ माघ २०८० ने. सं. ११४४ पोहेलागा 8 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राक्सिराङमा तीनदिन सार्वजनिक बिदा

हेटौंडा, २४ माघ/मकवानपुरको राक्सिराङ गाउँपालिकाले सोनाम ल्होसारको अवसरमा तीनदिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । पालिकाले बुधबार सूचना जारी गर्दै ल्होसारको अवसरमा यही माघ २६, २७ र २८ गते तीनदिन सार्वजनिक बिदा दिने जनाएको हो । गाउँपालिका अध्यक्ष राजकुमार मल्लद्वारा हस्ताक्षरित सूचनामा यही माघ २७ गते माघ शुक्लप्रतिपदाको दिन मनाइने सोनाम ल्होसारको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण तामाङ समुदायलगायत नेपालीमा शुभकामना व्यक्त गरिएको छ ।

पालिकामा तामाङ समुदायको बाहुल्यता रहेकोले सांस्कृतिक पर्व मन्जुश्री संवत् २८६० डुक/मु पुखी (गरुड वर्ष) सोनाम ल्होसारको अवसरमा गाउँपालिकाले तीनदिन सार्वजनिक बिदा दिने निर्णय गरेको अध्यक्ष मल्लले बताए । उनले यस पर्वले बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, जातीय विविधतायुक्त राक्सिराङ गाउँपालिकाका सम्पूर्ण जनतामा आपसी सदभाव, सामाजिक एकता र भ्रातृत्व कायम गर्ने विश्वास व्यक्त गरेका छन् ।

### 'एमसीसी'को विद्युत प्रसारण लाइन निर्माण

# हेटौंडाको दुई वडा र कैलाशमा जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ अमेरिकी सहयोग नियोग एमसीसी (मिलेनियम च्यालेन्स कर्पोरेशन) परियोजना अन्तर्गत अनुदानबाट निर्माण हुने एमसीसी कम्याक्टको ४०० केभी उच्चक्षमताको विद्युत प्रसारण लाइन निर्माणका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढाएको छ ।

मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल) ले मकवानपुरको साबिक नामटार, कालिकाटार (हाल कैलाश गाउँपालिका), हेटौंडा-३ र हेटौंडा-११ का जग्गाधनीलाई मुआब्जा लिन आउन प्रशासनमार्फत सूचना गरेको हो । साबिक बसामाडी गाविस, नामटार गाविस, कालिकाटार गाविस र हेटौंडा-११ को जग्गा अधिग्रहण गरिने जिल्ला प्रशासन कार्यालय मकवानपुले जनाएको छ । गत माघ १८ मा २१ दिने सूचना प्रकाशन गरी मुआब्जाका लागि निबेदन माग गरिएको हो । जग्गा प्राप्ती ऐन २०३४ को दफा ९ को उपदफा १ बमोजिम सूचना प्रकाशन गरेको प्रशासनले जनाएको छ ।

प्रशारण लाइनको टावर निर्माण गर्ने प्रयोजनका लागि हेटौंडा-११ मा कृष्णप्रसाद सुबेदी, राममणि ढुँगाना र प्रमोदसिंह रानाभाटको जग्गा अधिग्रहरणमा परेको छ । साबिक नामटारमा कृष्णबहादुर नेगीको जग्गामा टावर राखिने रछ । साबिक कालिकाटार र बसामाडीमा पनि २/२ जनाको जग्गा अधिग्रहणमा परेको प्रशासनले जनाएको छ । अधिग्रहणमा परेको जग्गामा निर्माण भएका घरटहरा, अन्य संरचना, रुख बिरुवाको मुआब्जाका लागि निबेदन माग गरिएको हो ।

३१५ किलोमिटर लामो डबल सर्किटयुक्त ४०० केभी प्रसारण लाइन अन्तर्गत हेटौंडा-११ थानाभन्याङमा ४०० केभी क्षमताको 'इण्डोर ग्यास इन्सुलेटेड सब-स्टेसन' निर्माण गरिएको छ । एमसीए नेपाल विकास समितिको वेबसाइटमा उल्लेख गरिएअनुसार नुवाकोटको बेलकोटगढी नगरपालिकामा रातमाटे सब-स्टेसन, तनहुँमा नयाँ दमौली सब-स्टेसन र नवलपरासी पश्चिमको भुमहीमा नयाँ बुटवल सब-स्टेसन निर्माण गरिनेछ ।

आयोजनाअन्तर्गत प्रसारण लाइन काठमाडौंको लप्सीफेदी र मकवानपुरको हेटौंडा-११ थानाभन्याङ सब-स्टेसनमा जोडिनेछ । झन्डै तीन हजार मेगावाट भन्दा बढी (विद्युत) बोक्ने ४०० किलो भोल्टको हाइ क्यापासीटी (प्रसारण) लाइन हो । यो काठमाडौंको उत्तरपूर्व लप्सीफेदीदेखि नुवाकोटको रातमाटे सब-स्टेसनसम्म र त्यहाँबाट दुईवटा लाइन एउटा हेटौंडा जान्छ भने अर्को दमौली जाने एमसिए नेपालले आफ्नो वेवसाइटमा जनाएको छ ।

'दमौलीबाट ८० किलोमिटर दक्षिणतर्फ गएर नवलपरासीस्थित नयाँ बुटवल सब-स्टेसनमा पुग्छ र २२ किलोमिटर अझै दक्षिण हुँदै भारतसँगको सीमामा पुग्छ ।' यस आयोजनाको प्रसारण लाइनसम्बन्धी अंश करिब ३१५ किमि लामो डबल सर्किटयुक्त ४०० केभी प्रसारण लाइन (केही क्वाड-सर्किट टावरसहित) हुनेछ । यसले नेपालका विभिन्न नदी क्षेत्र तथा विद्यमान उच्चक्षमतायुक्त ग्रीडबीच भइरहेको जोडाइको अभावलाई सम्बोधन गर्ने प्राधिकरणका अधिकारीहरूले बताएका छन् ।

प्रसारण लाइनको मार्गको छनोट होसियारीपूर्ण विश्लेषण तथा सम्भाव्यता अध्ययनका आधारमा गरिएको तथा सम्भाव्यता अध्ययनका क्रममा प्राविधिक एवम् आर्थिक गुणस्तर, नेपालको मध्यम एवम् दीर्घकालीन विद्युत् आपूर्तिसम्बन्धी लक्ष्य तथा नेपालको आन्तरिक तथा सीमापार प्रसारण लाइन बिस्तार योजनासँगको सामञ्जस्यतालाई दृष्टिगत गरिएको जनाइएको छ ।

विद्युत् प्रसारण आयोजना अन्तर्गत तीनवटा नयाँ ४०० केभी क्षमताको इण्डोर ग्यास इन्सुलेटेड सब-स्टेशन (जीआईएस) निर्माण गरिनेछ । नुवाकोटको बेलकोटगढी नगरपालिकामा रातमाटे सब-स्टेशन, तनहुँमा नयाँ दमौली सब-स्टेशन र नवलपरासी पश्चिमको भुमहीमा नयाँ बुटवल सब-स्टेशन निर्माण गरिनेछ । निर्माणाधीन प्रसारण लाइन काठमाडौंको लप्सीफेदी र मकवानपुरको हेटौंडा (थानाभन्याङ) स्थित नेपाल विद्युत् प्राधिकरणका विद्यमान सब-स्टेशनमा पनि जोडिनेछ ।

प्रसारण लाइनको रातमाटेत-न्यू दमौली रुटमा तनहुँको आँबुखैरेनी गाउँपालिकाको वडा नम्बर ४, ५, ६ वडाको जग्गा प्राप्त गर्नु पर्नेछ । बन्दीपुरको २, ३, ४ र ६ नम्बर वडा प्रसारण लाइनको रुटमा पर्छन् । व्यास नगर पालिकाको १२, १३ र १४ नम्बर प्रसारण लाइनको रुटमा पर्छन् । यस्तै, ऋषिङ गाउँपालिकाको वडा नम्बर-१, ६, ७ र ८, घिरिङ गाउँपालिकाको १, २ ३ र ५ नम्बर वडा प्रसारण लाइनभित्र परेको छ ।

प्रसारण लाइनको रातमाटे-न्यू हेटौंडा रुटमा पर्ने गल्छी, थाक्रे, नीलकण्ठ, सिद्धलेक, गजुरी, बेनीघाटरोराङ स्थानीय तहका विभिन्न वडाको जग्गा अधिग्रहरण गरी संरचना निर्माण भइरहेको छ । ५ वर्षभित्र काम सम्पन्न गर्ने सम्झौतामा मिलेनियम च्यालेन्ज कर्पोरेसनले नेपाल सरकारसँग साझेदारी गरेको बताइएको छ ।

# शहीदस्मृति गोल्डकपको फाइनलमा एनआरटी

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ हेटौंडामा जारी छैठौं स्थानीय तह शहीदस्मृति मकवानपुर गोल्डकपको पहिलो सेमिफाइनल खेल रोमाञ्चक बनेको छ ।

हेटौंडा-६, स्थित गौरीटार रंगशालामा भएको खेलमा एनआरटी (न्यूरोड टिम) क्लबले राजारानी (रारा) क्लब धनकुटालाई टाईब्रेकरसहित सडनडेथको १७ औं गोलमा जित निकालेको हो । निर्धारित समय गोलरहित बराबरी खेलेका एनआरटी र राराको खेल टाईब्रेकरमा धकेलिएको थियो । टाईब्रेकरमा पनि दुवै टिमले ५-५ गोलको बराबरी खेले ।

सडनडेथमा खेल पुगेको थियो । सडनडेथमा एनआरटीले १२-११ गोलमा रारा धनकुटालाई पराजित गरेको हो । सडनडेथको अन्तिम तीन प्रहारले गौरीटार रंगशालामा थप रोमाञ्चकता ल्याएको थियो । सडनडेथको ९ औं प्रहारमा राराका प्रवेश दनुवारको प्रहार क्रसबार नजिकैबाट आकाशिँदा एनआरटीका माइकल गरबुजाको प्रहारलाई विपक्षी गोलरक्षक दीप कार्कीले उत्कृष्ट बचाउ गरे ।



१० औं प्रहारमा राराका सुनिल खड्का र एनआरटीका रन्दिप पौडेलको प्रहार गोल भयो । राराका लागि ११ औं पटकमा शिशिर लेखीको प्रहार विपक्षी गोलरक्षक प्रिसोले रोके । मोहित गुरुङले सडनडेथको १२ औं प्रहारमा गोल गर्दै एनआरटीलाई फाइनलमा पुऱ्याए । खेलको म्यान अफ दी म्याच एनआरटीका गोलरक्षक प्रिसो भए ।

एनआरटीले बिहीवार हुने दोस्रो क्वाटरफाइनल खेल बागमती युवा क्लब सर्लाही र विभागीय टोली एपीएफ क्लबको बिजेतासँग उपाधिका लागि २७ माघमा भिड्ने छ । जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा भएको गोल्डकपको बिजेताले १५ लाख रुपैयाँ, उपविजेताले १० लाख र सर्वोत्कृष्ट खेलाडीले बुलेट मोटर साइकल पाउनेछन् ।

# बस दुर्घटनामा ११ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ हेटौडामा भएको बस दुर्घटना ११ जना घाइते भएका छन् ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१९, सान्नानिटारमा यात्रुबाहक बस बोलेरो पिकअपसँग ठोक्किएर दुर्घटना हुँदा ११ जना घाइते भएको मकवानपुर प्रहरीले जनाएको छ ।

मंगलबार वीरगंजबाट धनगढीतर्फ जाँदै गरेको सुदुरपश्चिम प्रदेश ०१-००१ ख ३२२९ नम्बरको यात्रुबाहक बसको पट्टा भाँच्चिएर अनियन्त्रित भई मनहरीबाट हेटौंडा तर्फ आउँदै गरेको ना ४ च २९३२ नम्बरको बलेरो पिकअप गाडीमा ठोक्किएर दुर्घटना भएको थियो ।

बसमा सवार रहेका २३ जना यात्रुमध्ये ११ जना सामान्य घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार घाइतेहरुको चुरेहिल अस्पतालमा उपचार भइरहेको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौडा, चौकीटोल,सम्पर्क नं.: ०५७-५९०३३३

"Education is the real treasure"

HETAUDA ACADEMY
EDUCATION IS THE REAL TREASURE
25 Years of
Excellence in Education
Celebrating Silver Jubilee
10 days to go

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
057-525548 057-525547 057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# उद्योगको सम्झौता खारेज

उद्योग सञ्चालनका लागि अनुमति लिएर सञ्चालन नगर्ने हेटौंडा औद्योगिक क्षेत्रका चार उद्योगको सम्झौता खारेज गरिएको छ । २०७९ असोज २ गते उद्योगको सम्झौता खारेज प्रक्रिया सूचना निकालेर सुरु गरेको हेटौंडा औद्योगिक क्षेत्रमा हालसम्म चार उद्योगको मात्रै सम्झौता खारेज गरिएको हो । औद्योगिक क्षेत्रका सस्तो भाडादर भएका जग्गा सम्झौता गरी औद्योगिक प्रतिष्ठान स्थापना नगरी बैंक तथा बित्तीय संस्थाबाट ऋण लिने र अन्यत्रै लगानी गर्नेहरुको संख्या पनि बढेको छ । उद्योग स्थापना नगरी जमीन मात्र ओगटेर बस्ने क्रम बढेपछि औद्योगिक क्षेत्रमा जमीन अभाव हुँदै गएको थियो । क्षेत्रफलका हिसाबले देशकै सबैभन्दा ठूलो मानिएको हेटौंडा औद्योगिक क्षेत्रमा ३२ सय २८ रोपनीमा फैलिएको छ । तर, पहिला संचालित उद्योगले जग्गा कब्जा गरिराख्नु, वर्षौंदेखि उद्योग बन्द भए पनि शक्तिको आडमा जग्गा कब्जा गरेर राखिरहँदा नयाँ उद्योग खोल्न चाहनेहरु समस्यामा परेका छन् । हेटौंडा औद्यौगिक क्षेत्रमा अनुमति लिएर सञ्चालन नगर्ने उद्योगको सम्झौता खारेज प्रक्रिया अघि बढाइएको हो ।

औद्योगिक क्षेत्रले सञ्चालनमा नरहेका १५ वटा उद्योगलाई २ असोज २०७९ मै चेतावनी दिएको थियो । तर, हालसम्म दुई उद्योग मात्रै सञ्चालनमा ल्याइएको हेटौंडा औद्योगिक क्षेत्र ब्यवस्थापन कार्यालयले जनाएको छ । सञ्चालनमा नरहेको तर, जग्गा ओगटेरको बसेका उद्योगमध्ये बीवाइएस हेटौंडा प्रालि, नाथफुड्स ईन्डस्ट्रिज प्रालि, सनराईज कन्टेनर, लक्ष्मी पेन्टस उद्योगको सम्झौता खारेज गरिएको हो । सूचना निकालिएका १५ उद्योगमध्ये दामुचन्द्र प्रालि र अभिनास प्रालि उद्योगले भने नाम परिवर्तन गरी बाँकी र हेका सबै बक्यौता भुक्तानी गरेर सञ्चालनमा ल्याइएको क्षेत्र ब्यवस्थापनले जनाएको छ । ९ उद्योगको सम्झौता खारेज प्रक्रियामा रहेको छ । जसमध्ये उद्योगको भौतिक निर्माण कार्य गरेर उद्योग सञ्चालनमा नल्याएका बानियाँ मल्टि प्रोडक्ट ईण्डष्ट्रिज, ग्रिनगोल्ड ईन्टरनेशनल प्रालि, थ्रीस्टार ग्रुप ईन्टर नेशनल प्रालि र सी एभरेष्ट बाईफुड नेपाल प्रालि उद्योगको सम्झौता खारेजको प्रक्रियामा रहेको छ । यसैगरी वर्षौंदेखि बन्द भई सञ्चालनमा नआएका उद्योगमध्ये शान्ति वनस्पति घ्यु उद्योग लिमिटेड, हिमालयन पोलिमर्श, नेवीको बिष्कुट, चुरियामाई काष्ट उद्योग र ईन्टरनेशनल उड सिजनीङ् सेन्टर प्रालिको पनि मापदण्ड हेरेर प्रक्रियामा जाने बताइएको छ । सम्झौता गरेर जमिन ओगेट्ने काममात्र भयो तर, उद्योग सञ्चालन भएन । केही उद्योगको जग्गा सम्झौता खारेज गर्दा जिल्ला अदालत मकवानपुरमा मुद्दासमेत दायर गरिएका छन् । हेटौंडा-८ मा रहेको औद्योगिक क्षेत्रमा एक सय ४७ मध्ये एक सय १५ वटा उत्पादनमूलक उद्योग सञ्चालनमा छन् ।

बन्द भइसकेकामा नौ, निर्माणाधीन २३ उद्योग रहेका छन् । ती उद्योगमध्ये अधिकांशको आर्थिक अवस्था कमजोर रहेको छ । यसअघि तीन सिफ्टमा सञ्चालन हुने उद्योग अहिले एक सिफ्टमा सञ्चालन हुने गरेका छन् । कतिपय उद्योग कहिले सञ्चालन हुने र कहिले बन्द हुने अवस्थामा रहेका छन् । पछिल्लो समय यहाँ सञ्चालित अधिकांश उद्योगको उत्पादन र बिक्री घट्दै गएको छ । उद्योगको अवस्था तीन वर्षयतादेखि दिनप्रतिदिन खस्किँदै गएको, लगानी अनुसार प्रतिफल प्राप्त नहुँदा नोक्सानी बढ्दै गएको छ । निर्माणसम्बन्धी सामग्री उद्योग पाँच, प्लाष्टिक सामग्रीसम्बन्धी २८, विद्युतीय सामग्रीसम्बन्धी तीन, खाद्यान्न तथा पेय पदार्थका ११, फर्निचरका छ, इञ्जिनियरिङ सेवातर्फ १५, प्याकेजिङ सामग्रीतर्फ पाँच, केमिकलतर्फ ११, पोल्ट्री तथा दाना उद्योगतर्फ दुई, टेक्सटायल उद्योतर्फ एक, खानीजन्यतर्फ तीन र अन्यमा १० वटा उद्योग सञ्चालित छन् । हेटौंडा औद्योगिक क्षेत्रभित्र सरकारी र गैरसरकारी कार्यालय तथा विभिन्न संघसंस्थातर्फ ११ कार्यालय रहेका छन् । यस औद्योगिक क्षेत्रको विसं २०२० मङ्सिर २० गते अमेरिकी सरकारको सहयोगमा स्थापना भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ २६ गते शुक्रबार ९ फेब्रुअरी २०२४ । चतुर्दशी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:४८, सूर्यास्त ५:४९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : यात्रामा बाधा | तुला | : कार्यमा ढिलाइ |
| वृष | : काममा सफलता हात पर्ने | वृश्चिक | : मांगलिक कार्य सम्पादन |
| मिथुन | : अपजस पाइने | धनु | : उपचारमा खर्च बढ्ने |
| कर्कट | : बौद्धिक कार्यमा वाधा | मकर | : मानमर्यादाको वृद्धि |
| सिंह | : व्यवसायमा विवाद | कुम्भ | : नवीन कार्ययोजनामा लगानी |
| कन्या | : मानसिक अशान्ति | मीन | : आलोचनामा वृद्धि |

# महिला मुक्तिको लागि गर्नुपर्छ पुरुषत्वको अध्ययन



✍मीरा मिश्र

पुरुषत्वको अध्ययन लैंगिक समानता र न्याययुक्त समतामूलक समाज स्थापनाको लागि महत्वपूर्ण छ । लैंगिक समानता प्राप्तिको लागि पुरुषप्रधान समाजको जग कमजोर पार्नु आवश्यक छ । सबैले नलागिकन पितृसत्ताको जग कमजोर हुँदैन । किनकि यसले धर्म, संस्कृति, अर्थतन्त्र, राजनीति सबै किसिमबाट आफ्नो प्रभुत्व कायम राख्न कोसिस गर्दछ । पुरुषप्रधान समाजको जग कमजोर पार्न प्राज्ञिक क्षेत्रबाट पनि सम्भव छ भन्ने कुरा व्यक्तिगत रूपमा हामी आफैंले पनि महसुस गरेका छौं र विविध अध्ययन अनुसन्धानले पनि यो देखाएको छ ।

यो खोजमूलक लेखले तीनवटा मूल प्रश्नहरू (किन पुरुषत्वको अध्ययन महत्वपूर्ण छ, नारीवाद र यो अध्ययनको सम्बन्ध कस्तो छ , साथै, पुरुषत्वको अध्ययनको मुख्य चुनौती के के हुन्- को जवाफ खोज्ने प्रयास गरेको छ । यसको लागि लैंगिक अध्ययनका १५ जना पुरुष विद्यार्थीसँग पाँच वर्षबीचमा गरिएको लामो र गहिरो कुराकानी नै सूचनाको प्रमुख आधार रहेको छ । त्यो बाहेक, लैंगिक अध्ययनसँग जोडिएका शिक्षक, विद्यार्थी र पुरुषत्व, पितृसत्ता र नारीवादसँग सम्बन्धी लेखहरू सूचनाका थप आधारहरू हुन् ।

लैंगिक अध्ययनसँगको मेरो लामो जोडाइको क्रममा पुरुष विद्यार्थीको कुराकानी, पुरुष भएकै कारणले उनीहरूले पाएका सुविधा र भोग्नुपरेका चुनौतीको बारेमा जान्ने, बुझ्ने मौका पनि मिलेको छ । पुरुषमुखी समाजले अर्थात् पितृसत्ताले महिलालाई विविध किसिमबाट मारमा पारेको विषयमा गहिरो रुचि राख्ने म र म जस्ता कैयौंलाई पितृसत्ताको मारको प्रकृति फरक भएतापनि पुरुषहरू पनि यसबाट उम्किन सकेका छैनन् । बरु आफैंलाई, प्रसिद्ध नारीवादी कमला भासिनको शब्द सापटी लिएर, यसको बाहक बनाएर वा बन्न दिएर मानवीय भावनाविहीन बनिरहेका छन् । त्यसको फाइदाको साथै नकारात्मक असर पनि भोगिरहेका छन् भन्ने बुझाइ आफैंमा महत्वपूर्ण छ ।

तर सबै पुरुषहरू पितृसत्ताको वाहक मात्र बनेका छैनन्, केही लैंगिक रूपमा सचेत पुरुषहरू लामो समयदेखि महिलाको लागि पितृसत्तालाई चुनौती दिन र हाल आएर आफ्नै लागि पनि पुरुषमुखी समाजको जालोबाट उम्किने प्रयासमा पनि छन् । पितृसत्तालाई चुनौती दिन पनि तयार देखिन्छन् । चुनौति दिने प्रयासहरू विविध छन् । तर उद्देश्य एकै छ । उदाहरणको लागि महिलामाथि हुने विभेद, उत्पीडन वा हिंसा अन्त्यको लागि पुरुषहरूको सञ्जाल मेन्स इन्गेजमेन्ट अलाइन्सेज साउथ एसिया, मेन्स इन्गेजमेन्ट अलाइन्स नेपाल, महिलाका लागि पुरुष अभियान हि फर सि क्याम्पेन, संयुक्त राष्ट्रसंघ इत्यादि ।

यही प्रयासको क्रममा कतिले लैंगिक अध्ययनलाई आफ्नो पढाइको विषय बनाएका छन् । प्राज्ञिक क्षेत्रद्वारा आफू र समाजलाई बदल्न सकिन्छ भन्ने बलियो विश्वासको साथमा उनीहरू आएका छन् । उनीहरूलाई लाग्छ, लैंगिक समानता र न्याययुक्त समतामूलक समाजको निर्माणको लागि लैंगिक अध्ययन एक सशक्त माध्यम हुनसक्छ । लैंगिक अध्ययनले महिलाको जीवन मात्र बदल्ने होइन, पुरुषलाई लैंगिक दृष्टिकोण प्रदान गर्न पनि धेरै हदसम्म सफल भएको देखिन्छ । मैले लैंगिक अध्ययनका पुरुष विद्यार्थीहरूसँग गरेको कुराकानीले पनि यो देखाउँछ ।

एक विद्यार्थीको भनाइ यहाँ सान्दर्भिक देखिन्छ । उनी भन्छन्, 'यो पढाइले मलाई त अर्कै मान्छे बनाइदियो । सोच नै फराकिलो बनाइदियो । पहिला महिलाहरू धेरै अधिकार बाट वञ्चित छन्, उनीहरूलाई अधिकार दिनुपर्छ भन्ने लाग्थ्यो । अब त पितृसत्तात्मक समाजले महिलालाई मात्रै होइन, हामी पुरुषहरूलाई पनि पुरुषत्वको भारी बोकाएर अन्याय गरिरहेको छ, त्यसैले पितृसत्ता कमजोर पार्न सबै लाग्नुपर्छ जस्तो लाग्छ ।' हो, सबैले नलागिकन पितृसत्ताको जग कमजोर हुँदैन, किनकि यसले धर्म, संस्कृति, अर्थतन्त्र, राजनीति सबै किसिमबाट आफ्नो प्रभुत्व कायम राख्न कोसिस गर्दछ । एक क्षेत्रमा कमजोर भयो भने अर्को क्षेत्रबाट प्रभाव कायम राखिराख्छ । यति मात्र नभई बदलिंदो समाज अनुरूप नयाँ नयाँ स्वरुपमा पनि देखापर्ने गर्दछ । उदाहरणको लागि कार्यालयमा हुने यौनजन्य हिंसा ।

पहिला पहिला छोरीलाई स्कुल पढाउँदैनथे, छोरी बिग्रिएली भनेर । यसरी घर बाट महिलाको यौनिकता र हिंडडुलमा बन्देज लाग्थ्यो । तर आजकाल प्राय: सबै महिला स्कुल जान्छन् । घरले नै प्रेरित गर्छ स्कुल जान । त्यसैले यौनिकताको प्रश्न पनि गौण भएर गयो, यो विषयमा । आजकाल कार्यालय जाने महिलाको संख्या बढेर गएको छ । त्यहाँ यौनजन्य हिंसा पनि बढ्दो छ । कार्यालयमा हुने यौनजन्य हिंसा हुन्छ र अब यसको प्रतिकार गर्नुपर्छ भनेर सन् २०१७ मा अमेरिकाबाट मी टु आन्दोलन सुरुवात भयो र संसारभरि नै विविध रूपमा यो आन्दोलन चलिरहेको छ । यसको मूल अर्थ पितृसत्ता कमजोर छैन । घरभित्रको पितृसत्ता कमजोर भए पनि घरबाहिर यो नयाँ रूपमा देखापर्न सक्छ भन्ने नै हो । जसलाई नारीवादी समाजशास्त्री सिल्विया वाल्बीले आफ्नो पुस्तक थ्योराइजिङ पेट्रिआर्कीमा घरभित्रको पितृसत्ता र घरबाहिरको पितृसत्ता भनी नाम दिएकी छिन् ।

त्यसैले जहाँबाट, जहिले, जसरी र जसको मार्फतबाट भए पनि पुरुषप्रधान समाजको जग कमजोर पार्न लागिपर्नुपर्छ । र यो उद्देश्यमा लागेका जो कोही पनि, पुरुष, महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, महत्वपूर्ण व्यक्ति हुन् भनी उनीहरूको सानोभन्दा सानो प्रयासलाई पनि कदर गर्न सिक्नुपर्छ । जसले उनीहरूलाई यस क्षेत्रमा लागिरहन मद्दत गर्छ । उदाहरणको लागि पुरुषहरूलाई पनि जो नारीवादी क्रियाकलापमा लागेका हुन्छन्, उनीहरूलाई अपनत्व सहित हौसला दिनाले अझ बढी नारीवादी बन्न प्रेरित गर्छ भन्ने विषयमा लेखहरू प्रकाशित भइरहेका छन् ।

पुरुषप्रधान समाजको जग कमजोर पार्न प्राज्ञिक क्षेत्रबाट पनि सम्भव छ भन्ने कुरा हामी आफैंले पनि महसुस गरेका छौं । नारीवादी बन्दै गएका शिक्षक, त्यसमध्ये कति जनालाई नारीवादी हुँ भन्न अझै सहज छैन, मलाई पनि थिएन लामो समयसम्म, विद्यार्थीहरूमा बढ्दै गएको नारीवादी सोच र उनीहरूले व्यक्त गरेका भावनाहरू यसका उदाहरण हुन् । सन् १९९० को दशकमा जुनवेला भर्खरै महिला अध्ययनको सुरुवात भएको थियो, त्यहाँ पढ्ने एक जना महिला विद्यार्थीले आफ्नो अध्ययनमा संलग्नता, बढ्दै गएको नारीवादी सोच र त्यसले निम्त्याएको समस्याको बारेमा मसँग खुलेर कुराकानी गरेकी थिइन् । उनी भन्थिन्, 'म बोल्ने भएँ । यो अध्ययनले मलाई अन्यायको विरुद्धमा बोल्ने हौसला दियो तर बोल्ने महिला घरपरिवारलाई चाहिँदैन रहेछ । मलाई मेरै श्रीमानले कि नारीवादी बन्न छोड, कि यो घर छोडेर जाऊ भनी धम्क्याउनुभयो । त्यसैले मलाई आजकाल असल महिलामा गनिँदैन घरमा, बढी जान्नेको रूपमा हेरिन्छ, तर म अब चुप लाग्दिनँ ।' उनको भनाइ 'म बोल्ने भएँ' नै पितृसत्ताको लागि चुनौती हो । त्यसरी नै एकजना लैंगिक अध्ययनका पुरुष विद्यार्थीमा आएको परिवर्तन पनि महत्वपूर्ण छ । उनी भन्छन्, 'यो अध्ययनबाट मैले प्राप्त गरेको लैंगिक दृष्टिकोण मेरो लागि महत्वपूर्ण छ किनकि यसले मलाई आफ्नै जीवनमा विषाक्त पुरुषपनलाई अनुभव गर्ने र चुनौती दिने आँट दियो । पुरुषले नै घरपरिवारको सम्पूर्ण जिम्मा लिनुपर्छ भन्ने मान्यतालाई पुन:परिभाषित गर्न हौसला दियो ।'

तर पुरुष विद्यार्थीहरूसँगको कुराकानीबाट थप के कुरा पनि थाहा भयो भने लैंगिक अध्ययनमा पुरुष र पुरुषत्वको बारेमा जति पठनपाठन हुनुपर्ने हो, त्यो हुनसकेको छैन । यसमा एक जना पुरुष विद्यार्थीको भनाइ सान्दर्भिक देखिन्छ । उनी भन्छन्, 'लैंगिक अध्ययन भने तापनि मलाई त यो महिला अध्ययन नै जस्तो लाग्छ किनकि महिलाकै विविध पक्षहरूमा धेरै कुराकानी हुन्छ, उनीहरूकै जीवन उकास्न राज्य, महिला, पुरुष, संघसस्था, सबै लागिपरेका छन्, जुन कुरा आवश्यक त हो तर हाम्रो बारेमा कसले बोल्ने ?' अर्को विद्यार्थी थप्छन्, 'पुरुष भएको नाताले हामीलाई देखिने रूपमा केही सुविधा भए पनि हामीले भोग्नुपर्ने समस्या पनि थुप्रै छन्, कसले बुझ्छ खै !' हाम्रा जीवन भोगाइहरूको बारेमा पनि बढीभन्दा बढी छलफल हुनुपर्छ । हाम्रा समस्याहरू पनि महत्वपूर्ण मानिनुपर्छ तर कसैलाई फुर्सद नै छैन पुरुषको बारेमा सोच्ने, सबै जना महिलाकै लागि भ्याई-नभ्याई लागिपरेका छन् ।

अर्को विद्यार्थी जो समाजले भने अनुसारको पुरुष हुन कति गाह्रो छ भन्ने कुरालाई आफ्नो अनुभवमा यसरी ढालेर हेर्छन् । उनी भन्छन्, 'सानो छँदा स्कुलमा लुरे भनेर जिस्काउँथे, म खेलकुदमा उनीहरूसँगै लाग्न सक्दिनथें । त्यसैले मलाई हेप्थे । मेरो कहिल्यै पनि धेरै केटा साथी भएनन् । मलाई एक्लो अनुभव हुन्थ्यो । र सोच्थें– के सबै केटामान्छे बलियो नै हुनुपर्छ ? पुरुष पुरुषबीचको भिन्नता पनि केलाउनु आवश्यक हुन्छ । लैंगिक अध्ययनले अझ बढी यो कुरामा ध्यान दिनुपर्छ जस्तो लाग्छ मलाई त ।' पक्कै पनि सबै पुरुषहरू एकै प्रकारका हुँदैनन् । जात, धर्म, वर्ग, यौनिकता र भूगोल, इत्यादिको आधारमा उनीहरू विविध हुन्छन् । त्यसैले उनीहरूको जीवन भोगाइ पनि फरक हुन्छ ।

उनीहरूको जीवन बुझ्नको लागि किम्वर्ली विलियम्स क्रिह्यान्स, जसले सन् १९८९ मा पहिलो पल्ट इन्टरसेक्शनालिटी शब्द प्रयोग गरेकी थिइन्, भने जस्तै उनीहरूको विविध सामाजिक परिचयहरू जस्तो कुन जात, वर्ग, यौनिकता वा धर्मको भनी बुझ्नु जरूरी देखिन्छ । यी अनुभवमा आधारित भनाइहरूले पुरुष र पुरुषत्वको अध्ययन आवश्यक छ भन्ने देखाउँछ । पुरुषत्वको अध्ययनको सुरुवात नै यस्तै अनुभवहरूबाट भएका छन् ।

पुरुषत्वको बारेमा धेरै व्यक्तिहरूले, खासगरी पुरुषहरूले कलम चलाएका छन् । नेपालमै पनि यस विषयमा लेखहरू आइरहेका छन् । यस अर्थमा यो लेख कुनै नौलो होइन । तैपनि महिला अध्ययन, लैंगिक अध्ययन जस्तै पुरुषत्वको अध्ययन पनि आवश्यक छ पितृसत्तालाई चुनौती दिन भन्ने एक बलियो विश्वास बोकेको व्यक्तिको नाताले प्राज्ञिक क्षेत्रमा पुरुषत्वको अध्ययनको महत्व र यसलाई कसरी अगाडि बढाउन सकिन्छ भनी सोच्न र यसबारेमा केही लेख्न मेरो पनि विषयगत जिम्मेवारी हो जस्तो लागेर पनि यो लेख लेख्ने प्रयास गरेकी हुँ ।

थप, पुरुषत्वको बारेको छलफल र अध्ययन जति भयो, त्यति नै राम्रो किनकि जहाँबाट, जहिले, जसरी र जसको मार्फतबाट भए पनि पुरुषप्रधान समाजको जग कमजोर पार्न लागिपर्नुपर्छ । अन्त्यमा, मलाई आफूलाई नै यो विषयलाई थप बुझ्ने इच्छा छ । त्यसैले पनि यो लेख लेख्ने आँट गरेकी हुँ । यो लेख मार्फत मूल रूपमा तलका प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरेकी छु ।

### सूचना बटुल्ने विधि

लामो र गहिरो कुराकानी, जुन सही सूचना बटुल्न नारीवादीहरूले सन् १९६० देखि नै प्रयोग गर्दै आएको औजार हो, द्वारा मैले यो लेखको लागि सूचना बटुल्ने प्रयास गरें । यसको लागि मूल रूपमा लैंगिक अध्ययनका १५ जना पुरुष विद्यार्थीसँग पाँच वर्षभित्रमा गरिएको कुराकानी नै सूचनाको प्रमुख आधार रहेको छ ।

उमेरको हिसाबले २० देखि ४० वर्ष बीचका यी पुरुषहरू प्राय:जसो विवाहित र उच्च जातका छन् । केही नेवार र थोरै जनजाति भएतापनि दलित र मधेशी विद्यार्थी मेरो रि सर्चमा पर्दैनन् । नपर्नुको कारण मैले सूचना बटुञ्जेलसम्म उनीहरू जेन्डर स्टडिजमा विद्यार्थीको रूपमा थिएनन् । हाल आएर थोरै संख्यामा भए पनि उनीहरू यस विषयमा भर्ना भएका छन् । लैंगिक अध्ययनमा संलग्न प्राध्यापक, महिला विद्यार्थी र महिला अध्ययनका विद्यार्थीसँगका अनौपचारिक कुराकानीहरू पनि थप सूचनाका आधार हुन् । त्यो बाहेक यो अध्ययनको आवश्यकताको बारेमा एक सानो छलफल र यस विषयका लेखहरूलाई थप सूचनाको रूपमा प्रयोग गरेकी छु । यस विषयमा मेरो आफ्नै अवलोकनले पनि प्राप्त सूचनाहरूलाई एकठाउँमा एकत्रित पार्न मद्दत गरेको छ ।

पुरुषत्व भन्नाले पितृसत्तात्मक समाजले पुरुषलाई दिएको सामाजिक परिचय हो । जसको बारेको छलफलको सुरुवात खासगरी सत्तरीको दशकमा भएको हो । जसरी तेस्रो विश्वका महिलाहरूलाई आफ्नो देशलाई उपनिवेशवादबाट मुक्त गराउन पुरुषहरूसँगै होमिने क्रममा महिलावादी सोच पलाएको देखिन्छ, फलस्वरुप उनीहरू महिला भएकै कारणले आफूमाथि हुने विभेद अन्त्य गर्न लाग्नुपर्छ भन्ने अठोटमा पुगेका थिए, जसलाई तेस्रो विश्वको महिलावाद पनि भनिन्छ । त्यसरी नै पुरुषहरू पनि महिलाको हकहितको लागि आवाज उठाउने क्रममा पितृसत्ताबाट महिला मात्रै नभई पुरुषहरू पनि पीडित छन् । त्यसैले पितृसत्तासँगको लडाइँ वा यसलाई चुनौती दिनु अनिवार्य छ भन्ने अठोटमा पुगेका देखिन्छन् । यसको लागि पुरुष र पुरुषत्वको बारेमा गहन छलफल र अध्ययन हुनुपर्छ भन्ने उनीहरूको थप बुझाइ हो ।

पहिलो पुरुषको अध्ययनको सुरुवात सन् १९७३ मा युनिभर्सिटी अफ क्यालिफोर्निया, वर्कलेमा भयो । त्यसपछि संसारका विभिन्न भागमा यस्ता अध्ययनहरू फैलिने क्रममा छन् । इन्डियामा सन् २००३ मा पुना युनिभर्सिटीमा पुरुषका बारेमा अध्ययन गर्ने विधाको सुरुवात भएको देखिन्छ । नेपालमा हाल आएर प्राज्ञिक क्षेत्रमा यसको आवश्यकताको बारेमा बहस सुरु भएको छ ।

### पुरुषत्वको अध्ययन किन ?

पुरुषको जीवनको बारेमा किन बुझ्नुपर्छ र कति फैलिन र गहिराइमा जानुपर्छ भन्ने प्रश्न पनि छ । पुरुषको जीवन र पितृसत्ता एकआपसमा जोडिएका कुरा हुन् । सबै ऐतिहासिक कालखण्ड र समाजमा यसको रूप एकै प्रकारको नभए तापनि पुरुषलाई कुनै नकुनै रूपबाट महत्वपूर्ण बनाइराख्नु पितृसत्ताको रहर नभई बाध्यता पनि हो । त्यसैले कहीं घरमूलीको रूपमा त कहीं धर्मगुरुको रूपमा वा कहीं नेताको रूपमा, उनीहरूको प्रभुत्व देखिन्छ । प्रसिद्ध मानवशास्त्री शेरी अटनरले आफ्नो इज फिमेल टु मेल एज नेचर टु कल्चर पुस्तकमा जैविक नभए तापनि पुरुष महिलाबीचको असमानता संसारको सबै समाजमा विद्यमान रहेको तर्क गर्छिन् । जसरी सिमोन डि बोवुआरले भने जस्तै महिला जन्मिने होइन, महिलापनको निर्माण हुन्छ त्यसरी नै पुरुषत्वको पनि निर्माण हुन्छ । जन्मजात नभई पछि बन्दै जाने भएकोले यसको स्वरुप पनि ऐतिहासिक कालखण्ड र समाज अनुरूप फरक-फरक हुन्छ ।

विविध राजनैतिक, आर्थिक र सामाजिक तत्वहरूले पुरुषपनको निर्माणमा सक्रिय भूमिका खेलेका हुन्छन् । त्यसैले त एकल पुरुषपनको कुरा नगरेर विविध पुरुषपनको कुरा गरिन्छ । उदाहरणको लागि विषाक्त पुरुषपन । अलिअलि सुविधा सबै पुरुषलाई दिएर र थोरै पुरुषहरू जो आर्थिक, सामाजिक र राजनैतिक रूपमा समाजमा ठूलो हैसियत राख्छन्, उनीहरूलाई झन् बलियो बनाउन सहज बनाएर पितृसत्ताले आमरूपमा, पुरुष मार्फत महिलामाथि हैकम जमाएको हुन्छ ।

त्यसो त महिला माथि महिलाले नै हैकम जमाइराखेका पनि छन् । महिलाहरूलाई पनि पितृसत्ताको वाहक बनाएर यसले आफ्नो सत्ता लम्ब्याउन लागिपर्छ भन्ने बारेका प्रसिद्ध नारीवादी इतिहासविद् उमा चक्रवर्ती सहित धेरैले कलम चलाएका छन् । तर गहिराइमा जाने हो भने आम पुरुषको पिल्साइ पनि कम महत्वपूर्ण हुँदैन । सकी-नसकी घरमूलीको भूमिका निर्वाह गर्ने अधबैंसे पुरुषदेखि खाडी मुलुकमा गएर ज्यान जोखिममा पारेर कमाएको पैसाले परिवारको सुनौलो भविष्य देख्ने युवा पुरुषसम्म पितृसत्ताको जकडमा छन् (मिश्र, मायाको शासन र बलात्कार, २०२२) ।

पुरुष भएपछि कमाउन र परिवार पाल्न त पर्छ नि भनी पितृसत्ताद्वारा परिभाषित पुरुषको स्वरुपबाट भिन्न जीवन जिउने कल्पना वा आँट गर्न गाह्रो छ, धेरै पुरुषहरूलाई । त्यसैले जसरी महिलाहरू पितृसत्ताको मारमा परेका हुन्छन्, त्यसरी नै पुरुषहरूको जीवनलाई पनि यसले जकडेको हुन्छ भन्ने कुरा पुरुष स्वयंले, आम महिला र महिलावादीहरूले बुझ्नुपर्ने, बुझाउनुपर्ने र त्यसमा काम गर्नुपर्ने बेला हो यो । बेल हुक्सले आफ्नो किताब फेमिनिज्म इज् फर एभ्रिबडीमा पुरुषहरूलाई पितृसत्तालाई चुनौती दिंदाखेरि आफूले पाएको सुविधा गुम्ला र गुमेपछिको जीवन कस्तो हुन्छ भन्ने एक खालको छट्पटी हुन्छ । महिला नारीवादीहरूले उनीहरूलाई सहज बनाउन मद्दत गर्न सक्छन् र गर्नु पनि पर्छ । तर त्यसमा चुकेका छन् भनी सचेत गराउने काम पनि गरेकी छिन् । नारीवादी कमला भासिन आफ्नो पुस्तक एक्सप्लोरिङ मस्क्युलिनिटीमा लेख्छिन्, 'पुरुषको महिलामाथिको हिंसा बुझ्न र न्यूनीकरण गर्न पुरुषत्वको निर्माण कसरी हुन्छ भनी जान्नु अत्यावश्यक छ ।'

यो विषय पुरुषले मात्रै बुझ्नुपर्ने हो कि सबैले भन्ने प्रश्नमा यदि भासिनले भने जस्तै समानता, विकास र शान्तिको महिलावादी प्रयास पुरुषको साथ विना सम्भव छैन भन्ने मान्ने हो भने र महिला हिंसा अन्त्यको लागि पुरुषको साथ अनिवार्य आवश्यकता हो भने पुरुषत्वको अध्ययन सबैको लागि हो । महिला, महिलावादीहरूले पनि पुरुषको जीवनलाई राम्रोसँग बुझ्ने, पितृसत्ताबाट उनीहरूले पाएको फाइदा र वेफाइदा दुबै केलाउन र विश्लेषण गर्न खोज्नुपर्छ । यही कुरालाई इतिहासविद् रोजलिन वोह्र्यानलमले अझ प्रष्ट पारेकी छिन् । उनी भन्छिन्, 'पुरुषत्वको अध्ययन आवश्यक छ, किनकि यसको सोझो सम्बन्ध शक्तिसँग हुन्छ ।

महिलाहरूको जीवन पनि यही शक्ति सम्बन्धसँग जोडिएकोले पनि यो बुझाइ आवश्यक छ । पुरुषहरू पनि लैंगिक व्यक्ति हुन् । उनीहरूले आफूलाई पुरुषको रूपमा कसरी बुझिरहेका हुन्छन्, के के सामाजिक आर्थिक कुराहरूले उनीहरूको निर्माणमा सघाउँछ र पुरुषत्वलाई दिगो बनाइराखेको छ ? कस्ता कस्ता सामाजिक सम्बन्धले उनीहरूलाई एकआपसमा जोडिराखेको छ ? साथै पुरुषबीचको तहगत जीवन र बहिष्करणले पुरुषबीच नै भिन्नता कसरी आउँछ ?

मैले यो लेख लेख्ने क्रममा एउटा सानो समूह जो नारीवाद, लैंगिक अध्ययन र नागरिक आन्दोलनसँग केही न केही रूपमा जोडिएका थिए, उनीहरूसँग कुराकानी गरेकी थिएँ । मैले कुराको सुरुवात संसारका विभिन्न ठाउँहरूमा पुरुषत्वको अध्ययन हुन्छ, त्यसैले हामीकहाँ पनि अब यो अध्ययनको खाँचो महसुस हुँदै गएको छ भन्नेबाट गरें । यही क्रममा मैले पाएको जवाफले अहिलेको नेपाली समाजको केही झल्को भने पक्कै दिन्छ । एकले कुराको सुरुवात यसरी गरे, 'पहिला महिला अध्ययन, अनि लैंगिक अध्ययन, अब पुरुषत्वको अध्ययन । के के मात्र थप्दै जाने !' अर्कोले थपे, 'लैंगिक अध्ययन त पुरुषको लागि पनि होइन र ? के थप कुरा हुन्छ र यसमा ? भएकै कुरालाई राम्रोसँग पढाउनुपर्छ जस्तो लाग्छ मलाई त, विषय थप्दै लैजाने रोग नै लागिसक्यो नेपालको शिक्षा क्षेत्रलाई ।'

उनीहरूको भनाइ केही हदसम्म ठिकै पनि हो । किनकि महिला अध्ययन मूल रूपमा महिलामाथि नै केन्द्रित हुने भएकोले पुरुष र लैंगिक तथा यौनिक अल्पसंख्यकको जीवनलाई राम्रोसँग समेट्न नसकेको कारणले लैंगिक अध्ययनको सुरुवात भएको हो । यसमा पुरुष, पुरुषत्व, यसका विविध रूप, विषाक्त पुरुषत्व र समाजमा यसको नकारात्मक असर, इत्यादिको पठनपाठन त हुन्छ, तर जति गहिराइमा गएर र फैलिएर यसको पठनपाठन हुनुपर्ने हो, त्यो चाहिं पक्कै हुनसकेको छैन ।

नहुनुको पछाडि दुईवटा प्रमुख कारणहरू देखा पर्दछन् । पहिलो कारण, लैंगिक अध्ययन पुरुषको मात्रै जीवनलाई मध्यनजरमा राखेर गरिने अध्ययन होइन, महिला अध्ययन जस्तो । यसमा महिला, पुरुष र लैंगिक तथा यौनिक अल्पसंख्यकको बारेमा पठनपाठन हुन्छ । दोस्रो कुरा, संसारभरि नै लैंगिक अध्ययन भनिए तापनि महिलाकै बारेमा धेरै कुराहरू गरिन्छ । यो कुरालाई वारेन फरेलले डज फेमिनिज्म डिस्क्रिमिनेट अगेन्स्ट मेनमा जोड दिएर लेखेका छन् ।

(साभार: अनलाइनखबर)

# भ्रष्टाचारविरुद्ध दलहरू एकमत, सरकारको प्रतिबद्धतामा आशंका



काठमाडौं/बुधबार
प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सबै दलका तर्फबाट शीर्ष नेताहरूले सम्बोधन गरे । त्यसक्रममा उनीहरूले जनतामा निराशा बढेको स्वीकार गर्दै भ्रष्टाचार विरुद्ध एक रहेको सन्देश दिएका छन् । तर, सरकारको व्यवहारमाथि प्रतिपक्षी दलहरूले आशंका गरेका छन् । त्यति मात्रै होइन सत्तारुढ दलहरूबाट समेत सरकारको प्रतिबद्धताप्रति आशंका व्यक्त भएको छ ।

संसद् अधिवेशन सुरु भएपछि शीर्ष नेताहरूले सम्बोधन गरेर आफ्ना प्रतिबद्धताहरू राख्ने अभ्यास छ । माघ २२ गतेबाट अधिवेशन सुरु भएतापनि त्यस दिन समय कम हुनसक्ने भन्दै बुधबारका लागि दलीय सम्बोधनको कार्यक्रम राखिएको थियो ।

सुरुमै बोलेका नेपाली कांग्रेसका महामन्त्री गगन थापाले आफ्नो पार्टी 'समुदायमा कांग्रेस' अभियान लिएर जनतामा गएको सुनाए । 'संवाद यात्रा' मा आफू विभिन्न जिल्ला पुगेको उल्लेख गर्दै उनले जनतामा विश्वास जागृत गर्नुपर्ने आवश्यकता महसुस गरेको बताए ।

विधेयक अधिवेशनलाई अधिकतम सदुपयोग गर्नुपर्ने र संविधान कार्यान्वयनका लागि आवश्यक कानुन बनाएर अगाडि जानुपर्नेमा जोड दिँदै उनले भ्रष्टाचार र सुशासनको पक्षमा काम गर्दा मात्रै जनतामा विश्वास जागृत गर्न सकिने बताए । 'सरकारले सुशासनको सन्दर्भमा मैले काम गरें भनेर हुँदैन । सरकारले गरेको कामहरू नागरिकले महसुस गर्न पाउनुपर्छ' उनले भने, 'सरकारले गरेका काममा कुनै पूर्वाग्रह नहोस् । सँगै सरकारले सुशासनका निम्ति गरेका पहलहरू कतैबाट प्रभावित पनि नहुन् ।'

गलत गर्नेहरू जोसुकै भए पनि कारबाहीको दायरामा आउनुपर्ने महामन्त्री थापाको जोड छ । सुशासनको मन्त्र भनेको कानुनको शासन, विधिको शासन भएको उल्लेख गर्दै उनले अगाडि भने, 'चाहे सरकारी जग्गा मिच्ने होस्, जग्गा हडप्ने होस्, चाहे नागरिकता किर्ते गर्ने होस्, चाहे सहकारीमा ठग्ने होस् । यताको होस् कि उताको होस्, जुनसुकै दलको होस् वा दलभन्दा बाहिरको होस्, जतिसुकै शक्तिशाली होस् कसैले पनि उन्मुक्ति पाउनुहुन्न ।'

### "समस्या प्रवृत्तिमा हो, प्रणालीमा होइन"

नेकपा एमालेका प्रमुख सचेतक पदम गिरीले आफ्नो पार्टीले झुलाघाट-चिवाभञ्ज्याङ विशेष अभियान सञ्चालन गरेको स्मरण गर्दै त्यसक्रममा देखेका र जनताका गुनासाहरू समेटेर प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाएको संसद्लाई जानकारी गराए ।

अभियानका क्रममा जनताले सरकारका कामकारबाहीलाई नजिकबाट नियालिरहेको पाइएको उल्लेख गर्दै गिरीले सचेत भएर सबैले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्न आवश्यक रहेको बताए ।

सरकारकै कारण जनतामा निराशा व्याप्त रहेको उनको भनाइ छ । देशको आर्थिक अवस्था, रोजगारीको अवसर, विदेशमा गएर समस्यामा परेका नेपालीहरूको अनुभूतिले सरकारको असफलता मापन गरिरहेको उनलाई लाग्छ । साथै, सरकारले भनिरहेको सुशासनको अभियानलाई आरोपित व्यक्तिहरूको मन्त्रिपरिषद्मा निरन्तरको उपस्थितिले गिज्याइरहेको उनको टिप्पणी छ ।

तर, जनतामा जे-जस्तो निराशा रहेतापनि त्यो निराशा अन्त्यको उपाय वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र प्रणालीभित्रैबाट खोज्न सकिने र खोजिने उनको दृढता छ । वर्तमान सरकारको असफलताको कारण आम जनतामा सरकारप्रति मात्रै नभएर सिंगो व्यवस्थाप्रति नै वितृष्णा बढ्ने अवस्था बनेको कतिपयको बुझाइ रहेको उल्लेख गर्दै उनले भने, 'तर सरकारको असफलता यो व्यवस्थाको असफलता होइन । सिर्जना भएका समस्याहरू यही व्यवस्था र यही प्रणालीभित्र खोज्नुपर्छ ।'

सरकारको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले पनि आफ्नो पार्टी 'जनतामा माओवादी' अभियान लिएर गएको सुनाए । त्यसक्रममा जनताले संविधानत: प्राप्त मौलिक हक कार्यान्वयन चाहेको बताए । यसका लागि राज्य लाग्नुपर्नेमा उनको जोड थियो ।

सरकारको कामकार बाहीका सम्बन्धमा उनले पनि थप खबरदारी आवश्यक रहेको बताए । 'अहिले सरकारले भ्रष्टाचारविरोधी अभियान, सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा जुन पहल अगाडि बढाइरहेको छ त्यो पहललाई तीव्र बनाउन संसद्को तिखो खबरदारी, सहयोग र साथ आवश्यक भएको ठानेको छु', उपमहासचिव शर्माले भने ।

भ्रष्टाचार विरोधी अभियान र सुशासनको पक्षाको पहलमा राजनीतिक रङ दिन नहुने उनको भनाइ छ । 'सुशासनको, भ्रष्टाचारको राजनीतिक रङ हुँदैन । सुशासन स्थापना गर्न हामी सबैले साथ र सहयोग गर्नुपर्छ', उनले भने ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारको नेतृत्व गरेको एक वर्ष पुगेको अवसरमा आत्मसमीक्षा सहित नयाँ काम गर्ने घोषणा गरेको स्मरण गर्दै उनले भने, 'उक्त घोषणा सही ढंगले कार्यान्वयन हुन्छ भन्ने मेरो विश्वास छ ।'

संसद्ले समेत सुधारका लागि संसदीय क्यालेन्डर लगायत नयाँ अभ्यास सुरु गरेको उल्लेख गर्दै उनले सबैले फरक र नयाँ ढंगबाट सोचेर कानुन बनाउन लाग्नुपर्नेमा जोड दिए । १२ कक्षासम्म पूर्णत: नि:शुल्क बनाउने गरी शिक्षा ऐन बनाउनुपर्ने, संघीयता कार्यान्वयनका लागि निजामती ऐन बनाउनुपर्ने, प्रहरी समायोजन गर्नुपर्ने उनको भनाइ छ । साथै, विकासका लागि बाधक रहेका कानुनहरू संशोधन गर्नुपर्नेमा उनको जोड छ ।

शान्ति प्रक्रियाको काम छिटो सिध्याउनुपर्ने र यसका लागि सत्ता पक्ष र प्रतिपक्ष हुन नहुने उनको भनाइ छ । शर्माले भने, 'अहिलेको पक्ष र प्रतिपक्ष गणतन्त्र मान्ने र नमान्ने बीचको हो । संघीयता मान्ने र नमान्ने बीचको हो । सुशासन मान्ने र नमान्ने बीचको हो ।'

### सरकारमाथि तिखो प्रश्न

प्रमुख प्रतिपक्षी नेकपा एमाले सहितका दलहरूले सरकारको व्यवहारमाथि तिखो प्रश्न गरेका छन् । ती विषयहरू संसद्मा उजागर भएका छन् । राष्ट्रिय गौरवका आयोजना, स्थानीय सडकहरू, खानेपानीका आयोजनाहरू, ७५३ वटै तहमा आधारभूत अस्पताल निर्माणको काम अलपत्र रहेको उल्लेख गर्दै एमाले प्रमुख सचेतक गिरीले भने, 'यसले देखाउँछ देशको आर्थिक अवस्था ।'

किसान लक्षित कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी हुन नसकेको, पोखरा विमानस्थल सञ्चालनमा आउन नसकेको उल्लेख गर्दै उनले सरकारमा रहेका मन्त्रीहरू काममा भन्दा ज्यादा स्टन्टमा रमाइरहेको टिप्पणी गरे । प्रधानमन्त्री प्रचण्ड स्वयम् व्यवहारमा सन्तुलित हुन नसकेको उनको भनाइ छ । संवैधानिक व्यवस्था अनुसार कोशी प्रदेशको नामकरण भएको तर, त्यसमा असहमत रहेका कतिपय व्यक्तिलाई आन्दोलन गरे जातीय राज्य दिन्छु भनेर प्रधानमन्त्री स्वयम्ले भनेको उल्लेख गर्दै उनले भने, 'यस्तोमा हामीले खबरदारी गर्नुपर्दैन ?'

युवाहरू रूसी सेनामा गएको उल्लेख गर्दै उनले जसरी गएको भए पनि फिर्ता ल्याउन र लैजानेहरूलाई कारबाहीको दायरामा ल्याउन आग्रह गरे । उनले भने, 'रूसी सेनामा गएकालाई फिर्ता ल्याउने कुरा त परको भयो, ज्यान गुमाएकाहरूको लास ल्याएर परिवारलाई बुझाउन समेत नसक्ने यस्तो पनि सरकार हुन्छ ?'

उनले युक्रेनको कब्जामा रहेका विपिन जोशीको उद्धारका लागि प्रभावकारी कदम चाल्न आग्रह गरे । बालकुमारीमा दुई युवाको प्रहरीको गोली लागेर मृत्यु भएको विषयमा सरकारको आलोचना गरे । 'देशभित्र रोजगारी छैन । विदेश जान्छु भन्ने दुई युवालाई बालकुमारीमा सरकारले तातो गोली हान्यो' उनले भने ।

वित्तीय क्षेत्रमा पनि समस्या रहेको बताए । 'बैंकले एक प्रकारले मिटरब्याजीकै रूपमा काम गरिराखेका छन् । यो भन्न कुनै हिच्किचाउनुपर्ने छैन' प्रमुख सचेतक गिरी भन्छन्, 'बैंकबाट लोन लिएर मान्छे व्यापार व्यवसाय गर्छु भन्छ । तर, बैंकले एक वर्षमा चार-चार पटक ब्याज वृद्धि गर्दै गएर गरिब कंगाल बनाएर सबै लिलाममा पठाउने काम गरिराखेको छ ।'

सरकारले सहकारी लगायतका समस्या समाधानका लागि प्रभावकारी कदम चाल्न नसकेको उनको भनाइ छ ।

''बचतकर्ता रुँदै सडकमा आउनुपर्ने अवस्था छ । यस्तोमा सरकारले जिम्मेवारी लिनुपर्छ कि पर्दैन ? सरकार के गरेर बसिरहेको छ ?' भन्ने प्रश्न गर्दै उनले भने, 'कमजोर मान्छेलाई थुन्ने, बलिया देखे परैबाट भाग्ने ? नागरिकप्रतिको दायित्व यही हो ?'

टेरामक्स प्रविधि खरिदमा अनियमितता भएको भनेर अख्तियार दुरुपयोग अनुसन्धान आयोग अनुसन्धान गरिरहेको तर, बयान लिन बोलाउँदा बहालवाला मन्त्री नगएकोमा उनले प्रश्न गरे, 'अख्तियारले यो के हो भनेर बोलाउँदा म बयान दिन जान्न भन्ने ? यसरी देशको सुशासन कायम हुन्छ ?'

एनसेलको शेयर खरिद-बिक्रीका सम्बन्धमा अनुसन्धान गर्न गठित आयोगले कानुन अनुसार नभएको र स्वीकृति प्रदान नगर्न भनेको स्मरण गर्दै उनले थपे, 'एनसेलमा प्रतिवेदन कार्यान्वयन गर्ने आँट सरकारसँग छ कि छैन ?'

बुद्धको समाधिस्थल ९९ वर्षका लागि लिजमा दिन लागिएको सुनिएको भन्दै यसमा पनि प्रमुख सचेतक गिरीले भनेका छन्, 'सत्ता गठबन्धनले बुझोस्- जनता भन्दा ठूलो कुनै तस्कर होइन ।'

भारतीय विदेशमन्त्री नेपाल आउँदा १० हजार मेगावाट विद्युत् भारत निर्यात गर्ने सम्बन्धी भएको सम्झौताको विषयमा छलफल हुनसक्ने तर, नेपालको स्थानीय तहमा भारत सरकारले सीधै २० करोडसम्म खर्च गर्न पाउने सम्झौता सम्बन्धी गम्भीर रूपमा समीक्षा हुन आवश्यक रहेको बताए ।

'स्थानीय तहहरूमा २०/२० करोडसम्म निर्वाध ढंगले नेपालको बजेटरी प्रणालीभन्दा बाहिर रहेर लगानी गर्न सक्ने सम्झौता भयो । यही प्रकारले सहमति गर्दै जाने हो भने के हुन्छ ? उनको प्रश्न छ, 'आज एउटा राष्ट्रले गर्ला भोलि अर्को राष्ट्रले माग्ला, पर्सि अर्कोले माग्ला । सबलाई यही प्रकारले लगानी गर्न दिँदै जाने हो भने मुलुक कहाँ पुग्छ ?'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले भ्रष्टाचारका फाइल अगाडि बढ्ने वित्तिकै सर्वदलीय बैठक हुने गरेको भनी प्रश्न गरे । त्यस्तो अभ्यास छाडेर आर्थिक शिथिलता, आम नैराश्य र युवा पलायनका लागि युवा केन्द्रित प्रोजेक्टहरूको विषयमा सर्वदलीय बैठक राखन आवश्यक भएको सभापति लामिछानेले बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले एनसेलको शेयर खरिद-बिक्री प्रकरण, टेरामक्स प्रविधि खरिद लगायतमा भएको भनिएको अनियमितताको विषयमाथिको अनुसन्धान निष्कर्षमा पुग्नेमा आशंका व्यक्त गरे ।

जति पनि भ्रष्टाचारका फाइल खोलिएका छन् त्यसको निष्पक्ष छानबिन हुनेमा पनि अध्यक्ष लिङ्देनको आशंका थियो । जनमत पार्टीका संसदीय दलका उपनेता अब्दुल खानले सबैले आ-आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुपर्नेमा जोड दिए ।

'हामी पार्टीहरू नै यहाँ आएर सुशासन भएन, न्याय दिन सकेनौं, रोजगारी दिन सकेनौं भनेर जुन प्रकारको प्रश्न तेर्स्याउने काम गरिरहेका छौंह कसले कसको लागि प्रश्न तेर्स्याउने काम गरिरहेका छौं ?' उपनेता खानको प्रश्न थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'मेयर'मा वर्षा भित्रिँदा स्वस्तिमा खुसी




काठमाडौं/नेपाली अभिनेत्रीहरुबीच मेलमिलाप छैन भन्ने कुरा अक्सर सुनिन्छ । प्रतिस्पर्धाको क्षेत्र भएकाले पनि त्यसले सम्बन्धमा प्रभाव पार्नु स्वभाविक हो । तर, स्वस्तिमा खड्का र वर्षा राउतको हकमा केही अलग छ । यस वर्ष प्रदर्शन भएको फिल्म 'ऐंचो पैंचो'मा दिदी-बहिनीको भूमिकामा काम गरेका उनीहरुबीच राम्रो 'बोन्डिङ' बनेको छ । दुवैले एकअर्कालाई साथ र हौसला दिइरहेका हुन्छन् ।

यसैबीच, दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको फिल्म 'मेयर'मा वर्षा अनुबन्धित भएपछि स्वस्तिमाले खुसी व्यक्त गरेकी छन् । वर्षाले फेसबुकमा सेअर गरेको फिल्मसम्बन्धी एक पोस्टमा उनले कमेन्ट गर्दै 'सो ह्याप्पी फर यू' भनेर लेखेकी छन् । र, वर्षाले लभ इमोजीमार्फत् धन्यवाद व्यक्त गरेकी छन् । वर्षा र स्वस्तिमाको पहिलोपटक फिल्म 'छक्का पन्जा २'मा सहकार्य भएको थियो ।

सर्लाहीको बागमती नगरपालिकाका मेयर भरत कुमार थापाको राजनीतिक जीवनमा आधारित भएर बन्न लागेको 'मेयर'मा वर्षाको जोडी अभिनेता खगेन्द्र लामिछानेसँग बाँधिनेछ । उनीहरुले पहिलोपटक एकसाथ काम गर्न लागेका हुन् । खगेन्द्रले मेयर थापाको भूमिका निर्वाह गर्नेछन् । आगामी फागुन १५ गतेबाट छायांकन सुरु हुन लागिएको फिल्ममा अर्पण थापाको पनि अभिनय रहनेछ ।

# नेपाल र विदेशमा गरी 'दयारानी'लाई झण्डै ५ सय शोज




काठमाडौं/'मिस्टर झोले' जोडी दयाहाङ राई र दीया पुन अभिनीत फिल्म 'दयारानी'को नेपालका मल्टीप्लेक्सहरुमा सुखद् शोजसहित अग्रिम बुकिङ खुलेको छ । देशभरका हलमा गरेर ११३ शोज पाएको फिल्मलाई देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले काठमाडौं उपत्यका र मोफसलमा गरी कूल ३६ शोज र दोस्रो ठूलो मल्टीप्लेक्स चेन आइएनआइ सिनेमाजले १२ शोज उपलब्ध गराएको छ ।

त्यस्तै, वान सिनेमाजले नयाँ बानेश्वर र कालिमाटीमा गरी ९ शोज, एफक्युब र विएसआर मुभिजले ४/४ शोज, कीर्तिपुर सिनेप्लेक्सले २ शोज, बिग मुभिज र रञ्जना सिनेप्लेक्सले ६/६ शोज बाँडेका छन् । यही शुक्रबार (माघ २६ गते)बाट प्रदर्शनमा आउन लागेको 'दयारानी'लाई अमेरिका र अष्ट्रेलियामा पनि प्रदर्शन गरिँदैछ । यी दुई देशमा फिल्मको ४ सय हाराहारी शोज निश्चित भैसकेको छ ।

फिल्मको ओभरसिज वितरक कम्पनी सेभेन सिज इन्टरटेनमेन्टले अमेरिकाका २३ वटा थिएटरमा गरी १ सय ९७ शो र अष्ट्रेलियामा १ सय ८० वटा शो निश्चित भएको दाबी गरेको छ । सेभेन सीजका अनुसार, मध्यपूर्वका देशमा फेब्रुअरी १५ देखि रिलिज हुनेछ भने बेलायत र युरोपेली देशमा फेब्रुअरी १६ बाट रिलिजको तयारी छ । विदेशमा फिल्मले राम्रो कमाई गर्ने सेभेन सीजको विश्वास छ ।

बाँसुरी फिल्मस् र माओत्से गुरुङ फिल्मस्को संयुक्त निर्माण रहेको फिल्ममा माओत्से गुरुङको निर्देशन छ । शैलेन्द्र ध्वज कार्कीको छायांकन रहेको फिल्ममा विजय बराल, प्रमिसा गुरुङ, पुस्कर गुरुङ, शिरिषा कुँवर, नयन गुरुङ, सुर्य सुनार, क्रिष्टी गुरुङ, राजेन्द्र थापा, टिकाराम घले, सीतादेवी गुरुङ आदिको पनि अभिनय छ । फिल्मका कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् ।

# प्रिमियरमा 'हात्तीछाप'को प्रशंसा, कसले के भने ?



काठमाडौं/गत वर्षको सफल फिल्म 'दुई नम्बरी'को 'स्टारकास्ट' दोहोऱ्याएर निर्माण भएको फिल्म 'हात्तीछाप' यही माघ २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । कात्तिकयता सुस्ताएको बजार लाई चलायमान बनाउने अपेक्षा गरिएको फिल्मले मंगलबार साँझ काठमाडौंमा आयोजित प्रिमियरमा प्रशंसा पाएको छ । फिल्मको कथावस्तु, प्रस्तुति र कलाकारको अभिनयको तारिफ प्रिमियरमा बढी सुनियो ।

'झिँगेदाउ' निर्देशक ज्ञानेन्द्र देउजाले नेपालको देशको एउटा कालखण्डको घटनालाई २ घन्टामा समेटेको देखेर आफूलाई आश्चर्य परेको प्रतिक्रिया दिए । उनले भने, 'फिल्म राम्रो बनेको छ । एउटा कालखण्डलाई २ घण्टामा समेटेको देख्दा म अचम्मित भए । लेखकले गम्भीर अध्ययन गरेर कथा लेखेका छन् । फिल्मको कथा र पात्रले देशको यथार्थ बोल्छ । छायांकन पक्ष उस्तै राम्रो छ ।'

अभिनेता विपिन कार्कीले फिल्मले फरक जोनमा पुऱ्याउने प्रतिक्रिया दिए । 'फिल्ममा एउटा फरक परिस्थिति देखिन्छ,' उनले भने, 'हरेक कलाकारको अभिनय बुलन्द छ ।' उनले फिल्मलाई ५ मा ४ 'रेटिङ' समेत दिए । निर्देशक तथा अभिनेता अशोक शर्माले हात्तीजस्तै फिल्म बलियो रहेको तर्क गरे । फिल्म हेरुन्जेलसम्म रमाइलो लाग्ने बताउँदै उनले दर्शकलाई पूर्ण मनोरञ्जन दिने बताए ।

मोडल तथा अभिनेत्री गरिमा शर्माले फिल्म मनोरञ्जनात्मक रहेको प्रतिक्रिया दिइन् । 'मलाई त नामका कारण चप्पलसँग सम्बन्धित फिल्म हो कि जस्तो सोचेको थिएँ । त्यस्तो होइन रैछ । समाज र राजनीतिक कुरालाई जोडेर एकदमै राम्रो फिल्म बनेको छ,' उनले भनिन् । त्यस्तै, निर्देशक शोभित बस्नेतले 'हात्तीछाप'मा फिल्ममा हुनुपर्ने सबै गुण रहेको धारणा राख्दै हेर्दा रमाइलो लाग्ने बताए ।

प्रिमियरमा पुगेका निर्माता प्रदीप कुमार उदय, निर्मात्री तथा निर्देशक कृषा चौलागाईं, अभिनेता राज कट्टुवाल, निर्देशकद्वय नवल खड्का र दीवाकर भट्टराई, कलाकार सुलेमान शंकर, अभिनेत्री रिश्ता बस्नेतले पनि कथावस्तु, प्रस्तुति र कलाकारको अभिनयको प्रशंसा गरे । प्रिमियरमा फिल्मका कलाकारहरु सौगात मल्ल, बेनिशा हमाल, उपासना सिंह ठकुरी लगायतको उपस्थिति थियो ।

सिमोस सुनुवारको निर्देशन तथा किरण नेपालीको प्रस्तुति रहेको फिल्ममा विजय बराल, विल्सन विक्रम राई, पुष्कर गुरुङ, रेअर राई, बुद्धि तामाङ, सुष्मा निरौला लगायतको पनि अभिनय छ भने अभिनेता दीपकराज गिरी केमियो भूमिकामा छन् । फिल्ममा उनको 'इन्ट्री' दर्शकलाई सरप्राइज हुनसक्छ । मंगलबारबाट देशभरका मल्टीप्लेक्सहरुमा फिल्मको बुकिङ पनि खुलिसकेको छ ।

# लाइसेन्स नलिई घरजग्गा कारोबार गरे २५ लाख जरिबाना र ६ महिना कैद हुने



काठमाडौं/इजाजतपत्र (लाइसेन्स) नलिई घरजग्गा कारोबार गर्न नपाइने गरी मालपोत ऐन संशोधन सम्बन्धी विधेयक प्रतिनिधि सभाबाट पारित भएको छ । बुधबार प्रतिनिधिसभाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८० पारित गरेको छ ।

उक्त विधेयक मार्फत मालपोत ऐन संशोधन गर्दै सरकारले तोकेको क्षेत्रमा तथा सरकारले तोकेको क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घरजग्गा सम्बन्धी कारोबार गर्दा इजाजतपत्र लिनुपर्ने व्यवस्था गरेको छ । प्राकृतिक व्यक्तिले आपसी सहमतिमा गर्ने खरिद बिक्रीबाहेक सबै घरजग्गा सम्बन्धी कारोबारको स्वीकृति लिनुपर्ने गरी मालपोत ऐन संशोधन विधेयक प्रतिनिधिसभाबाट पारित भएको हो ।

सरकारले 'घरजग्गा सम्बन्धी कारोबार' भन्नाले कुनै शुल्क लिई वा नलिई कसैको घर वा जग्गा खरिद वा बिक्री गर्न सहयोग गर्ने, त्यस्तो घर वा जग्गा खरिद वा बिक्री गर्ने व्यक्तिलाई परामर्श दिने वा त्यस विषयमा अन्य कुनै किसिमले व्यावसायिक रूपमा सेवा उपलब्ध गराउने कार्यलाई सम्झनुपर्ने व्याख्या गरेको थियो । संसदले त्यसलाई संशोधन गरे प्राकृतिक व्यक्तिले आपसी सहमतिमा गर्ने खरिद बिक्रीबाहेक मात्रै उक्त व्यवस्था आकर्षित हुने भएको छ ।

प्राकृतिक व्यक्तिले आपसी सहमतिमा घरजग्गा कारोबार गर्न भने इजाजतपत्र दिनुनपर्ने गरी प्रतिनिधिसभाले उक्त विधेयक पारित गरेको हो । विधेयकले मालपोत ऐन संशोधन गर्दै कसैले इजाजतपत्र नलिई घरजग्गा सम्बन्धी करोबार गरे कारोबारको बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा २५ लाख रुपैयाँसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ ।

यस्तै इजाजतपत्र प्राप्त व्यक्तिले मालपोत ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा इजाजतपत्र प्रदान गर्दाको सर्त विपरीत घरजग्गा सम्बन्धी करोबार गरे इजाजत पत्र दिने अधिकारीले त्यस्तो व्यक्तिलाई कारोबारको बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा १० लाख रुपैयाँ जरिबाना गर्न सक्ने व्यवस्था सहित विधेयक पारित गरेको हो । संशोधित विधेयक राष्ट्रिय सभाबाट पनि पारित भएर राष्ट्रपतिले प्रमाणीकरण गरेपछि लागु हुनेछ ।

# 'भ्यालेन्टाइन डे'मा ३ लाख ५० हजार स्टिम गुलाफ माग

काठमाडौं/फ्लोरिकल्चर एसोसिएसन नेपालले यस वर्ष तीन लाख ५० हजार स्टिम गुलाफको माग रहेको जनाएको छ । एसोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले कूल मागमध्ये १० प्रतिशत आन्तरिक उत्पादन हुने र ९० प्रतिशत गुलाफ भारतबाट आयात गर्नुपरेको बताए ।

मागअनुसार स्वदेशमा उत्पादन हुन नसक्दा विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि भारतबाट गुलाफ ल्याइएको उहाँको भनाइ छ । यस वर्ष रातो गुलाफ प्रतिस्टिम रु ८० देखि एक सयसम्म पर्ने उनले बताए । आजबाट प्रणय दिवस सप्ताह सुरु भएको छ ।

पश्चिमा संस्कृति भए पनि पछिल्लो समय नेपालमा पनि यस दिवसलाई विशेष महत्वका साथ लिने गरेको पाइन्छ । प्रणय दिवस फेब्रुअरी १४ तारिखमा पर्दछ । तर उक्त दिनभन्दा एक हप्ताअघिदेखि नै यो दिवस मनाउने प्रचलन छ । प्रेमको प्रतीक मानिने रातो गुलाफ यस दिवसमा प्रेम जोडीले एक अर्कालाई दिएर मनाउने गर्दछन् ।

अध्यक्ष तामाङका कूल मागको ६० प्रतिशत काठमाडौं उपत्यकामा र बाँकी ४० प्रतिशत गुलाफ देशका अन्य सहरमा खपत हुने बताउँछन् । प्रणय दिवसमा मात्रै रातो गुलाफको कारोबार रु तीन करोड ५० लाखको हुने उनको भनाइ छ । उनले वार्षिक रु तीन अर्ब सात करोडको फूलको कारोबार हुने गरेका बताए । रातो गुलाफ विशेष गरी काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोकमा व्यावसायिक रुपमा लगाउने गरिएको छन् ।

फूलको मागमा आएको वृद्धिसँगै विशेष गरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४१ जिल्लामा लगभग छ सय ७५ विभिन्न किसिमका पुष्पखेती तथा नर्सरी विस्तार भइसकेको छ । व्यावसायिक रूपमा चार सय ५० प्रजातिका गुलाफ नेपालमा उत्पादन हुँदै आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# नागस्वती भेट्रान्स सेमिफाइनल प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ पोखरामा जारी १३ औं सस्करणको बगर भाइखलक अन्तराष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगितामा नागस्वती भेट्रान्स क्लब सेमिफाइनल प्रवेश गरेको छ ।

बुधबार भएको क्वाटर फाइनल खेलमा नागस्वतीले चियापप भेट्रान्स काठमाडौंलाई २-३ गोल अन्तरमा पराजित गरेको थियो । चियापपको तर्फबाट भगवान थापा र मित्रबहादुर बस्नेतले एक-एक गोल गरेका थिए भने नागस्वतीका तर्फबाट नीमा लामाले एक गोल र कृष्ण शाक्यले दुई गोल गरेका थिए । खेलको म्यान अफ द म्याच हेटौंडा भेट्रान्सका कृष्ण शाक्य घोषित भएका थिए ।

नागस्वती क्लबले शनिवार ठमेल भेट्रान्ससँग दिउँसो ३ बजे सेमिफाइनल खेल्नेछ । बगर भाइखलकको आयोजनामा पोखराको टुँडीखेलखेलमैदानमा सञ्चालन



भएको प्रतियोगितामा यसपटक बगर भाइखलक भेट्रान्सले तीन विभिन्न उमेर समूहको छुट्टा-छुट्टै प्रतियोगिता सञ्चानल गरेको छ । जसमा समूह ४० प्लस, ५० प्लस र ६० प्लसकाबीच प्रतियोगिता हुनेछन् ।

४० भन्दा माथिको उमेर समूहको विजेता टिमले नगद २ लाख र उपविजेताले नगद १ लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने ५० वर्ष माथिको भेट्रान्स विजेता टिमले नगद १ लाख र उपविजेताले नगद ५० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

६० वर्ष माथि उमेर समूहको विजेता टिमले नगद ५० हजार र उपविजेताले नगद ३० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

# थाहामा घर बनाउँदा अनिवार्य नक्सा पास गर्नुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिका क्षेत्रभित्र निर्माण गरिने आवासीय तथा गैरआवासीय भवनको नक्शा पास गर्नैपर्ने भएको छ ।

नयाँ निर्माण हुने भवनहरु नक्सापासको प्रक्रियाबाटै निर्माण सुरु गर्नुपर्ने नगरपालिकाले जारी गरेको सूचनामा उल्लेख गरिएको छ । पालिकाले नगरक्षेत्रभित्र रहेका आवासीय औद्योगिक, व्यापारिक, संस्थागत तथा अन्य भवनको नक्सा नियमित अथवा अभिलेखीकरण गर्न पनि सूचनामा भनिएको छ । थाहा नगरपालिका, नगरकार्यपालिकाको गत २२ पुसमा बसेको कार्यपालिका बैठकबाटै निर्णय गरी सूचना जारी गरिएको जनाइएको छ ।

बैठकको निर्णयानुसार नक्सा पास नगरी निर्माण भएका आवासीय औद्योगिक, व्यापारिक, संस्थागत तथा अन्य संरचनाको नक्सा नियमित अथवा अभिलेखीकरण २०८१ असार मसान्तसम्म म्याद तोकिएको छ ।

पालिकाको निर्णय अनुसार नक्सा पास नभएका संरचनाको नक्सा नियमित अथवा अभिलेखीकरण कार्य तोकिएको समयभित्र नगरे पालिकामा निवेदन दर्ता समेत नहुने उल्लेख गरिएको छ । त्यसैगरी भवन निर्माण सम्पन्न भएर अभिलेखीकरण गर्न नआएमा नगरपालिका तथा वडा कार्यालय मार्फत प्रदान गरिने सम्पूर्ण सेवा सुबिधाबाट वञ्चित गराइने समेत सूचनामार्फत जानकारी गराएको छ ।

# हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीको मार्ग निर्माण तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने छोटो दूरीको सडकमार्ग स्तरोन्नति तथा निर्माणकार्यले यसपटक तीव्रता पाएको छ ।

हेटौंडा-भैंसे-भीमफेदीबाट कुलेखानी-फाखेल हुँदै हुमाने फर्पिङसम्मको सडकखण्डको कामले पछिल्लो समय भने गति लिएको हो । गतसाता मात्रै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले यस सडकखण्डको स्थलगत अवलोकन गरी निर्माण कम्पनीलाई चाँडोभन्दा चाँडो काम सक्न निर्देशन दिएका थिए । हेटौंडाबाट भीमफेदी, फाखेल हुँदै हुमाने फर्पिङसम्मको ३३ दशमलव ५ किलोमिटर लम्बाइको सडक निर्माण धमाधम भइरहेको यातायात पूर्वाधार विकास निर्देशनालय हेटौंडाका सूचना अधिकारी हरि ओझाले जानकारी दिए ।

हेटौंडाबाट भैंसे ११ किलोमिटर र फर्पिङबाट बल्खुसम्मको सडक कालोपत्रे रहेकाले सोबाहेकका क्षेत्रको निर्माण कार्य भइरहेको छ । यो सडक निर्माणका लागि प्रदेश सरकारमातहका कार्यालयबाट एक अर्ब १४ करोड २४ लाख बजेट रहेको सूचना अधिकारी ओझाले बताए । सडक निर्माणका लागि पाँचवटा प्याकेजमा ठेक्का सम्झौता गरी काम भइरहेको छ । ११ दशमलव ५ किलोमिटर लम्बाइको सडकखण्डको विस्तार तथा स्तरोन्नतिसहित कालोपत्रे गर्ने योजनाअनुसार निर्देशनालयले ३८ करोड ७६ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।



आगामी फागुनभित्रमा सम्पूर्ण भाग कालोपत्रे गर्ने लक्ष्यअनुसार काम भइरहेको सूचना अधिकारी ओझाले बताए । आगामी चैत २३ गतेसम्मको म्याद रहेको खण्डको ठेक्का सम्झौतासमेत संशोधन गरी बजेटसमेत बढाइएको हो । यो खण्डमा केही थप संरचना निर्माण गर्नुपर्ने भएकाले सम्झौता रकमलाई २४ करोड ६५ लाख रुपैयाँ पुऱ्याइएको ओझाको भनाइ छ । यता सडकको इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत पर्ने कुलेखानी-फाखेल खण्डको ठेक्का भने केही समयअघि मात्र भएको छ ।

ढिलो ठेक्का लागेको १६ किलोमिटर लम्बाइको यो खण्डमा हाल सडक विस्तारको काम भइरहेको सूचना अधिकारी ओझाले जानकारी दिए । यो खण्डको काम पूर्वाधार विकास कार्यालय चितवनबाट कार्यान्वयन भइरहेको छ । ०८२ वैशाख १६ मा निर्माण सम्पन्न गर्नुपर्ने सडकखण्डको निर्माणका लागि ३५ करोड ४८ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको हो । यसै सडकखण्डको काडमाडौंतर्फ भने तीनवटा ठेक्का सम्झौता गरी काम भइरहेको छ ।

काठमाडौंको दक्षिणकाली नगरपालिकाअन्तर्गत पर्ने ललितपुर मार्फत ठेक्का सम्झौता गरी काम भइरहेको सूचना अधिकारी ओझाले बताए । यो सडकखण्डको हुमानेदेखि मगरगाउँसम्मको प्याकेजको काम अन्तिम चरणमा पुगेको उनको भनाइ छ । जम्मा चार किलोमिटर लम्बाइको यो खण्डको केही भागमा मात्र कालोपत्रे गर्न बाँकी छ । १४ करोड ७४ लाख रुपैयाँमा ठेक्का सम्झौता गरी भइरहेको काम अब एक हप्ताभित्रै सम्पन्न हुने उनले बताए ।

यसैगरी, मगरगाउँदेखि टुल्केमोडसम्मको चार किलोमिटर सडक निर्माणका लागि अर्को प्याकेजमा सम्झौता गरी काम भइरहेको छ । हाल यो खण्डमा कालोपत्रे गर्ने तयारी भइरहेको छ भने सो खण्डको निर्माणका लागि कार्यालयले १२ करोड ३२ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको छ ।

यही सडकखण्डको टुल्केमोडदेखि फर्पिङसम्मको सडक निर्माणका लागि ठेक्का सम्झौता भई काम भइरहेको छ । साउन १ गतेसम्ममा काम सक्ने गरी सम्झौता भएको र हाल सडक विस्तार कार्य चलिरहेको सूचना अधिकारी ओझाले बताए ।

# संशोधन खारेजीको माग गर्दै विरोधमा बार

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ नेपाल बार एसोसिएसनले न्याय परिषद् नियमावलीमा भएको गैर संवैधानिक र गैरन्यायिक संशोधन तत्काल खारेजीको माग गर्दै सुरु गरेको देशव्यापि विरोध अभियान मकवानपुरमा पनि जारी छ ।

नेपाल बार एसोसिएसनले न्यायपालिकामा देखिएका विकृति र विसंगतिको अन्त्य गरी जनआस्था अभिवृद्धि गर्ने उद्देश्यले बिरोध कार्यक्रम गरिएको हो । केन्द्रको सर्कुलरअनुसार मकवानपुर जिल्ला अदालत बार एसोसिएसन विरोधमा उत्रिएको हो । बैठक र छलफलबाट प्राप्त सुझाव र निर्देशनका आधारमा न्यायपालिका शुद्धीकरण र सुधारका लागि विरोध अभियान सञ्चालन गरेको हो । नेपाल बार एशोसियसनको गत पुस १५-१६ गते सम्पन्न केन्द्रीय कार्यसमितिको निर्णयबाट गठित समितिको सुझावको आधारमा बारले ५ बुदे माग राखि माघ २१ गतेबाट आन्दोलन जारी गरिरहेको हो ।




न्याय परिषद् नियमावलीमा भएको गैरसंवैधानिक र गैरन्यायिक संशोधन तत्काल खारेज गर्नुपर्ने, न्यायालयमा व्याप्त भ्रष्ट्राचार, विकृति, विसंगति अन्त्य गरी न्यायिक स्वच्छता कायम गरिनु पर्ने, स्वतन्त्र न्यायपालिकाको रक्षा, मुलुकी फैजदारी संहिता, २०७४ को दफा १५५ मा भएको संशोधन खारेज गरी पूर्ववत् व्यवस्था लागू हुनुपर्ने विगो, जरिवाना तिरेपश्चात मात्र पुनरावेदन, स्वेच्छाचारी र गैरन्यायिक कार्यको अन्त्य गरिनु पर्ने माग गर्दै विरोध अभियान संचालन गरिएको जिल्ला बार मकवानपुर अध्यक्ष अप्सरा बस्नेतले जानकारी दिइन् ।

# उदिम पन्तले ल्याए 'प्रारम्भिक संस्कृत व्याकरण'

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ हेटौंडाका उदिम पन्तले तयार गरेको प्रारम्भिक संस्कृत व्यापकरण किताव बुधबार हेटौंडामा विमोचन गरिएको छ । किताबघर वितरक रहेको व्याकरण किताव प्रारम्भिक चरणका विद्यार्थीदेखि माध्यमिक तहमा अध्ययन गर्ने जोकोहीलाई उपयोगी हुने लेखकको दावी छ ।

पुस्तकको विमोचन गर्दै वेदमा विद्यावारिधि गरेका अग्निहोत्री आश्रमका प्रमुख डा. सीताराम खनालले वेदको मुख भनेकै व्याकरण भएको बताए । वेदको प्रमुख अङ्गको रुपमा रहेको संस्कृत व्याकरणलाई सबैले बुझ्ने भाषामा प्रकाशित गरिएको भन्दै उनले कृतज्ञताका साथ बधाई ज्ञापन गरे । विश्वका अधिकांश भाषाको जननी नै संस्कृत भाषा भएको भन्दै डा. खनालले संस्कृत अध्ययन र ज्ञान लिनु सबैका लागि जरुरी रहेको बताए ।



आर्यव्रत मुलुकमा संस्कृत हराउँदै गएकोमा चिन्ता व्यक्त गर्दै खनालले पश्चिमा देशहरुले संस्कृतको महत्व बुझेर त्यसलाई अध्ययन अध्यापन गराइरहेको स्मरण गराए । सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको अध्यक्षतामा भएको कार्यक्रममा संस्कृत अध्येता साहित्यकार हयग्रीव आचार्यले पुस्तकमाथि आफ्ना धारणा राखेका थिए । उनले संस्कृत व्याकरण अध्ययन गरेर सबैले ज्ञान लिनु जरुरी भएको बताए ।

# आँखा अस्पताललाई म्याट्रेस हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/लायन्स क्लव अफ हेटौंडा लर्ड बुद्धले हेटौंडा सामुदायिक आँखा अस्पताललाई १७ थान म्याट्रेस हस्तान्तरण गरेको छ ।

क्लबको सामाजिक उत्तर दायित्व कार्यक्रम अन्तरगत बुधबार अस्पतालमा एक कार्यक्रम गरी म्याट्रेस बितरण गरिएको लायन्स क्लव ईन्टर नेशनल डिस्ट्रिक्ट ३२५ एस नेपालका एओजी गौतम केसीले बताए । क्लबका अध्यक्ष तुलसी गिरीको अध्यक्षता एवम् जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता रहेको थियो । प्रमुख अतिथि घलानले समाजसेवामा लायन्स क्लबको भूमिका महत्वपूर्ण रहेको बताए ।

कार्यक्रममा लायन्स क्लव ईन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एस नेपाल, एरिया २ का एरिया चिप जेपी यादव, प्रथम भाईस डिस्ट्रिक्ट गभर्नर टासीडोल्मा तुम्बाहाम्फे, सामुदायिक आँखा अस्पतालका डाक्टर सुनिल थकाली, लायन्स क्लबका पूर्वगभर्नर शम्भु नकर्मी, लायन्स क्लब अफ हेटौंडाका अध्यक्ष हरि बंश भेटवाललगायतको आतिथ्यता थियो । अस्पताललाई सहयोग गरेकोमा अस्पतालका डाक्टर थकालीले लायन्स क्लव अफ हेटौंडा लर्ड बुद्धलाई धन्यवाद दिए ।

**मोवाइलको लतबाट बालबालिकालाई बचाऔं**

- मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मष्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,
- अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ,

त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**ज्योती बचत तथा ऋण सहकारी संस्था लि.**

**वार्षिक साधारणसभा सम्बन्धी सूचना !**

यस ज्योती बचत तथा ऋण सहकारी संस्था लि.को प्रथम बार्षिक साधारणसभा मिति २०८० साल माघ २७ गते शनिबार हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरुलाई पत्र पठाईसकेका छौं । यदी पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थित भइदिनु हुन सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
**मिति :** २०८० माघ २७ गते शनिबार
**समय:** दिउँसो १२:०० बजे
**स्थान:** आश्री इन्टरनेशनल प्रा.लि., हेटौंडा-२, संगमचोक

**ज्योती बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर

**सूचना सूचना सूचना**

यहि आउँदो २०८० साल फाल्गुण १ र २ गते श्रीपञ्चमीमा पौराणिक पद्धतिअनुसार सञ्चालन हुने ईहि-यज्ञ (सुवर्णकुमार वेल विवाह) मा सहभागी गराउन चाहने बच्चाहरुको नाम लेखाउन तलको ठेगानामा सम्पर्क राखी नाम लेखाउन अनुरोध गर्दछौं ।

**सम्पर्क:**
हरिश्चन्द्र श्रेष्ठ
राप्तीरोड-१०, हेटौंडा
९८४५५६८५९९

**आयोजक:**
**ईहि-यज्ञ (सुवर्णकुमार वेल विवाह) गुठी परिवार**
मकवानपुर हेटौंडा

**हेटौंडामै उत्पादित**

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना